# स्मृतिमा रेडियो र म

## शशिकला मानन्धर

रेडियोप्रति मेरो सानैदेखि लगाव थियो । मलाई याद छ, २०२९ सालतिर आठ कक्षामा पढ्दै गर्दा म अल इण्डिया रेडियोबाट प्रसारित *बिनाका गीतमाला* कार्यक्रमको क्रेजी थिएँ । उक्त कार्यक्रमको सञ्चालक अमीन सयानीको ओजपूर्ण आकर्षक स्वरबाट म निकै प्रभावित थिएँ । विभिन्न विज्ञापनमा समेत उहाँको बोल्ने तरिका मलाई अति मनपर्थ्यो । कहिलेकाहीँ मैले कल्पना पनि गर्थें कि म पनि अमीन सयानीले जस्तै रेडियोमा बोल्न पाए क्या मजा आउँथ्यो ।

अल इण्डिया रेडियो मात्र हैन रेडियो नेपाल पनि म त्यतिकै सुन्थैँ । कृष्णा ताम्राकारको समाचार वाचन र *हाजिरीजवाफ प्रतियोगिता* सुन्न मन पराउँथैँ । भाषामा शुद्धता, स्पष्टता अनि गर्विलो आवाज ! लोभ लाग्थ्यो मलाई । *हाजिरीजवाफ प्रतियोगिता*मा त रेडियो अगाडि बसेर मैले भागै लिन्थैँ । तर एउटा दुईटा प्रश्नको उत्तरमा मात्र 'ठीक' अनि धेरै प्रश्नको उत्तर 'गलत' हुन्थ्यो । प्रतियोगितामा म हारे तापनि रमाइलो लाग्थ्यो । मानौँ मैले हारेकी थिइनँ जितेकी थिएँ ।

*रसरङ्ग*! अर्को मेरो प्रिय कार्यक्रम। मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको हास्यप्रधान यो कार्यक्रम निकै रमाइलो लाग्थ्यो। बेलुकीपख आउँथ्यो, समय याद भएन। घरमा भात पकाउने काम मेरो हुन्थ्यो। कार्यक्रम आउने दिन अलि चाँडै भात पकाउँथेँ। त्यस बेला अहिले जस्तो ग्यास चुलो थिएन। दाउरा बाल्ने चुलो थियो। तर चुलोमा दाउरा बलेन भने ठूलो समस्या हुन्थ्यो। फू फू गरेर फुक्नुपर्थ्यो। फुक्दा मुख दुख्थ्यो, धुवाँले आँखा पिरो हुन्थ्यो। चुलोभित्र भए भरको खेस्रा कागज हालेर भए पनि म जसोतसो भात पकाउँथेँ र दगुर्दै *रसरङ्ग* कार्यक्रम सुन्न तल कोठामा रेडियो अगाडि पुगिसक्थेँ।

नेपाली र हिन्दी गीतको फर्माइस पनि गर्थें म, तर आक्कलझुक्कल मात्र। कान ठाडो पारेर आफ्नो नाम सुन्थेँ। विशाल आनन्द आउँथ्यो त्यति बेला। किरण खरेलको स्वर मलाई निकै प्यारो लाग्थ्यो। हिजोआज विभिन्न साहित्यिक समारोहमा जाँदा पनि उहाँको उद्घोषण उत्तिकै आकर्षक लाग्छ। वासुदेव मुनालको *बाल कार्यक्रम,* धन लामाको *महिला कार्यक्रम,* शनिबार दिउँसो प्रसारण हुने नाटक अनि यज्ञनिधि दाहालको *साहित्यिक कार्यक्रम* पनि म सुन्न निकै मन पराउँथेँ।

नेपाल टेलिभिजन सुरु भएदेखि रेडियो सुनाइ कम हुँदै गयो। तर रेडियोसँग मेरो नाता भने जोडिँदै गयो। कसरी भने, सबभन्दा पहिले अशेष मल्लद्वारा निर्देशित रेडियो नाटकमा एक छोरीको भूमिकामा अभिनय गर्ने मौका पाएँ, २०४१ सालतिर नै। रेडियो नेपालबाट उक्त नाटक प्रसारण भयो। मेरो स्वरको पहिलोपल्ट प्रशंसा पनि भयो। त्यो नाटकको नाम 'पुनर्जन्म' थियो।

त्यसपछि २०५२ सालमा एफएम रेडियो सुरु भयो। इमेज च्यानल एफएममा जम्मा १५ मिनेटको नेपाल भाषाको कार्यक्रम सञ्चालन गर्ने मौका दिइयो मलाई। कार्यक्रम 'लाइभ' हुन्थ्यो त्यसकारण कार्यक्रममा बोल्न हप्ताको एक वा दुईचोटि रेडियो नेपालको आँगनमा पुग्नुपर्थ्यो। मेरो स्वरको प्रशंसा गर्नेहरूको सङ्ख्यामा वृद्धि हुन थाल्यो। अमीन सयानीलाई मैले धेरै सम्झेँ। उहाँको बोल्ने तरिकाको केही पक्ष मैले पनि प्रयोग गरेँ। पूरै नक्कल गर्न त म सक्तिनथेँ र सके पनि चाहन्नथेँ।

केही वर्षको अन्तरालपछि २०५६ सालमा मैले फेरि १०० मेगाहर्जमा नै स्वनिगः सच्छि भन्ने नेवार भाषाको कार्यक्रमअन्तर्गत *थःगु च्वसा थःगु* नामको साहित्यिक कार्यक्रम सञ्चालन गर्ने मौका पाएँ। त्यस बेला मनमा कल्पनासम्म पनि नगरेको, मेरो प्रिय सञ्चारकर्मी कृष्णा ताम्राकारसित मित्रता कायम गर्ने मौका पनि पाएँ। उहाँ संस्कृति विषयको कार्यक्रम चलाउन आउनु भएको थियो

र कार्यक्रम नेपाल भाषामा चलाउनु पर्थ्यो । उहाँ नेपाली एकदमै शुद्ध बोल्नुहुन्थ्यो तर नेवार्नी भए पनि उहाँले नेपाल भाषामा बोल्दा कतै कतै अशुद्ध शब्द प्रयोग गर्नुहुन्थ्यो, जुन मैले पत्ता लगाउँथेँ तर मनमै राख्थेँ ।

एकचोटि मेट्रो एफएम स्टेसनमा कृष्णा ताम्राकारज्यूले अन्तरवार्ता दिनुभएको थियो र मैले सुनिरहेकी थिएँ । विभिन्न एफएममा कार्यक्रम सञ्चालन गर्नेहरूमध्ये सबभन्दा राम्रो, प्रस्ट बोल्ने भनेर उहाँले मेरो नाम लिनुभएको थियो । त्यसभन्दा अघि गायक योगेश वैद्यज्यूले पनि मेरो स्वरलाई 'माइल्ड भ्वाइस' भन्नुभएको थियो । ती शब्दहरू मेरा लागि अविस्मरणीय छन् किनकि रेडियोसँग मेरो स्वरको नाता सम्झाउने शब्द हुन् ती ।

हाल मैले कुनै एफएममा कार्यक्रम सञ्चालन गरिरहेकी छैन । भनुँ भने रेडियो नेपाल, अल इण्डिया रेडियो या अरू कुनै पनि रेडियो सुन्न बिर्सिसकेकी छु । तर मैले रेडियो नेपालको आँगनलाई निकै सम्झन्छु । त्यतिमात्र हैन कृष्णा ताम्राकारको 'यो रेडियो नेपाल हो, अब कृष्णा ताम्राकारबाट समाचार सुन्नुहोस्', वासुदेव मुनालको 'प्यारा प्यारा भाइबहिनी हो रेडियो नजिक आओ' भन्ने आवाजले मोहनी लगाएको छ मलाई । यज्ञनिधि दाहाल, मदनकृष्ण श्रेष्ठ, किरण खरेल, धन लामाको आकर्षक स्वर, अनि अमीन सयानीको *बिनाका गीतमाला* तथा विभिन्न विज्ञापनमा बज्ने स्वर मेरो स्मृतिपटलमा सधैँको लागि ताजा याद भएर गुञ्जिरहनेछ ।